annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ३२४ पृष्ठ ८ | काठमाडौं, सोमबार १८ चैत २०८१ | चैत्र शुक्लपक्ष द्वितीया, नेपाल संवत् ११४५ | MONDAY, MARCH 31, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



राजावादीले तीनकुनेको निजी घरमा शुक्रबार आगो लगाएपछि धुवाँले भरिएको एयरपोर्टमा अवतरण गर्दै यती एयरलाइन्सको विमान। ● सुनिता डंगोल

कभर स्टोरी

# सुरक्षा संवेदनशील तीनकुने क्षेत्रमा कसले दियो प्रदर्शनको अनुमति ?

राजावादीले तीनकुनेमा निजी घर जलाए। जडिबुटीमा सञ्चो उत्पादक कम्पनीमा आगजनी गरे। तीनकुनेदेखि सिनामंगल सडकमा टायर बाले। धुवैँधुवाँले अन्तर्राष्ट्रिय विमानस्थल भरियो। काठमाडौं अवतरण गर्न लागेका केही विमान फिर्ता पठाइए। झन्डै साढे एक घण्टा एयरपोर्ट बन्द गरियो। नहोस् पनि किन, विमानस्थल जस्तो संवेदनशील क्षेत्रलाई असर पर्ने गरी तीनकुने क्षेत्रमा राजावादीलाई प्रदर्शनको अनुमति दिइएको थियो।

दिनेश गौतम/सुनिता कार्की | *काठमाडौं*
- को रिपोर्ट

समाचार पृष्ठ २

## गाजामा इजरायली आक्रमणमा १४ जनाको मृत्यु



**गाजा सिटी** (एजेन्सी): प्यालेस्टिनी रेड क्रिसेन्टले आइतबार गाजा पट्टीमा एक साताअघि एम्बुलेन्समा इजरायली सेनाको गोली लागेर मारिएका १४ जना उद्धारकर्ताको शव फेला पारेको बताएको छ।

'अहिलेसम्म बरामद गरिएको शवको संख्या १४ पुगेको छ, जसमा प्यालेस्टाइन रेड क्रिसेन्ट टोलीका ८ इएमटी (आकस्मिक चिकित्सा प्राविधिक), ५ सुरक्षा कर्मचारी र एक संयुक्त राष्ट्र एजेन्सी कर्मचारी छन्,' समूहले एक विज्ञप्तिमा उल्लेख गरेको छ। यो कथन इजरायली सेनाद्वारा २३ मार्चमा गरिएको थियो।

मृतक कर्मचारी कुन संयुक्त राष्ट्र संघको एजेन्सीमा काम गर्थे भन्ने कुरा स्पष्ट पारिएको छैन। इजरायली सेनाले आफ्ना सेनाले एम्बुलेन्सहरूलाई 'शंकास्पद सवारी साधन' को रूपमा पहिचान गरेपछि गोली चलाएको स्वीकार गरेको छ।

लगभग दुई महिनाको युद्धविराम पछि सेनाले गाजामा मार्च १८ मा पुन: बमबारी सुरु गरेपछि इजिप्टको सीमा नजिकैको दक्षिणी क्षेत्रमा इजरायलले नयाँ आक्रमण गरेको केही दिनपछि रफाह सहरको ताल अल-सुल्तान क्षेत्रमा यो घटना भएको हो। शनिबार रेड क्रिसेन्टले इजरायली अधिकारीहरूले आफ्ना चालक दललाई खोजी अभियानको लागि अनुमति अस्वीकार गरेको आरोप लगाए।

# तीनकुने घटनाका मुख्य दोषी ज्ञानेन्द्र शाह, कारबाही गर्नुपर्नेमा दलहरू एकमत

राधा खनाल | *काठमाडौं*

गणतन्त्र पक्षधर दलहरूले राजतन्त्रका पक्षमा भइरहेका आपराधिक गतिविधिहरूको मुख्य जिम्मेवार पूर्वराजा ज्ञानेन्द्र शाह भएको ठहर गरेका छन्। उनीहरूले राजावादीका नाममा शुक्रबार तीनकुने क्षेत्रमा भएको लुटपाट, आगजनी, हत्या र डकैतीको जिम्मेवार पनि पूर्वराजा ज्ञानेन्द्रलाई ठहर गरेका छन्।

प्रधानमन्त्री केपी ओलीले आइतबार साँझ प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा आह्वान गरेको गणतन्त्र पक्षधर पार्टीहरूको बैठकले पूर्वराजा ज्ञानेन्द्रलाई कारबाहीको दायरामा ल्याउन सरकारलाई सुझाव दिएका छन्।

संघीय गणतान्त्रिक शासन व्यवस्था उल्ट्याउने र संविधान समाप्त पार्ने गतिविधि पूर्वराजा ज्ञानेन्द्रकै कारण भइरहेकोमा गणतन्त्र पक्षधरको निष्कर्ष रहेको गृहमन्त्री रमेश लेखकले जानकारी दिए। बैठकमा सुरुमा प्रधानमन्त्री एवं एमाले अध्यक्ष



केपी ओलीले पूर्वराजा ज्ञानेन्द्र शाहका गतिविधि संविधानविपरीत रहेको बताएका थिए। प्रधानमन्त्री ओलीले १५ गते तीनकुनेमा भएको घटनामा 'त्यो रूपको गतिविधि होलान् भन्ने सरकारले अनुमान नगरेको' जानकारी गराएका थिए। आगामी दिनमा गैरसंवैधानिक गतिविधिहरूलाई पूर्णरूपमा नियन्त्रणमा लिन सरकार दृढ रहेको प्रतिबद्धता जनाएका थिए।

त्यसपछि बैठकमा संघीय लोकतान्त्रिक गणतन्त्र र संविधानका विरुद्धमा भइरहेका षड्यन्त्रमूलक गतिविधिहरूका विषयमा समीक्षा भएको गृहमन्त्री लेखकले बताए। उनले भने, 'तीनकुने घटना घटाउने मुख्य दोषी ज्ञानेन्द्र शाह हुन् भन्नेमा सबै दलको एउटै निष्कर्ष छ।'

गृहमन्त्री लेखकले नेपाली नागरिकको इतिहासमा धेरै लामो संघर्ष र लडाइँले अहिलेको शासन व्यवस्था र अहिलेको संविधान ल्याइएको भन्दै यो संविधानको रक्षा गर्नका लागि सबैको एक मत रहेको पनि बताए। 'नेपालको संविधान र शासन व्यवस्थालाई उल्ट्याउने गतिविधि जुन भएका छन् यसको मुख्य नाइके पूर्वराजा ज्ञानेन्द्र हुन् भन्ने कुरामा पनि सबै दलको एक मत रहेको छ,' उनले अगाडि भने, 'अहिले पछिल्लो समयमा संविधान विरोधी गतिविधि र शासन व्यवस्था उल्ट्याउने जुन प्रयत्न भएका छन्।

फागुन ७ गते पछिका घटना क्रमहरू र पछिल्लो समय १५ गतेका दिन तीनकुनेमा भएको अमानवीय, बर्बरतापूर्ण र आततायी प्रकृतिका घटना जुन राजनीतिमा परिकल्पना पनि हुँदैन त्यस्ता गतिविधि भएका छन्।

» बाँकी पृष्ठ ६

## मेटाले इन्स्टाग्राममा रिल्सको गति बढाउने फिचर ल्यायो

**वासिङ्टन** (एजेन्सी): मेटाले इन्स्टाग्राममा नयाँ स्पिड फिचर थपेको छ, जसले प्रयोगकर्ताहरूलाई रील्सको गति दोब्बर बनाउन मद्दत गर्छ। यो फिचर प्रयोग गर्न प्रयोगकर्ताहरूले स्क्रिन लामो समय थिच्नुपर्ने हुन्छ।

यो सुविधा विशेष रूपमा लामो भिडियोहरू हेर्न सहज बनाउन ल्याइएको हो। इन्स्टाग्रामले अहिले तीन मिनेटसम्मका भिडियोहरू समर्थन गर्ने भएकाले प्रयोगकर्ताहरूलाई आफ्नो अनुभव अझ नियन्त्रण गर्न सजिलो हुनेछ।

यो फिचरले छोटो भिडियो सामग्रीले ध्यान केन्द्रित गर्ने क्षमतामा पार्ने प्रभावबारे उठेका चिन्ताहरूलाई समाधान गर्ने अपेक्षा गरिएको छ। यस सुविधाले प्रयोगकर्ताहरूलाई तीव्र गतिमा सामग्री ब्राउज गर्न सहयोग गर्ने छ, जसले रिल्सको आकर्षण अझ बढ्ने अनुमान गरिएको छ।

# अमेरिकाले डिपोर्ट गरेकालाई कहाँ पठाउने ?

## भुटानी शरणार्थी समस्या फेरि बल्झिने जोखिम

पार्थ मण्डल | *झापा*

अमेरिकाले भुटान डिपोर्ट गरेका १० जनामध्ये तीन जना काँकडभिट्टा-पानीट्यांकी नाका हुँदै शुक्रबार दमक-३ बेलडाँगी शिविर पुगेका थिए । शनिबार प्रहरीले शिविरबाट ३६ वर्षीय आशिष सुवेदी, ३१ वर्षीय सन्तोष दर्जी र ३६ वर्षीय रोशन तामाङलाई नियन्त्रणमा लिएर जिल्ला अध्यागमन कार्यालय काँकडभिट्टा पुर्‍याएको प्रहरी कार्यालय झापाका डीएसपी खगेन्द्र खड्काले जानकारी दिए।

'नियन्त्रणमा लिएका तीनै जनासँग कुनै कागजात छैन,' डीएसपी खड्काले भने, 'उनीहरू अमेरिकाबाट डिपोर्ट भएर भुटान पुगे र त्यहाँबाट निकालिएपछि झापा आइपुगेका हुन्।' उनीहरूलाई इलाका प्रहरी कार्यालय काँकडभिट्टामा राखिए पनि अध्यागमन कार्यालयले अनुसन्धान प्रक्रिया अघि बढाएको उनको भनाइ छ।

भुटानले आफ्नो देशमा बस्न नदिएका शरणार्थीहरूलाई कहाँ लगेर छोड्ने भन्ने विषयमा समस्या उत्पन्न भएको अध्यागमन कार्यालय काँकडभिट्टाका प्रमुख तुलसी भट्टराईले बताए। भारतबाट नेपाल छिरेका उनीहरूलाई भारततिरै फर्काउने कि शिविरमा पठाउने भन्ने बारेमा अध्यागमन विभागसँग छलफल भइरहेको उनले जानकारी दिए। करिब ८/९ वर्षअघि उनीहरू नेपालबाटै अमेरिका पुगेका थिए। बेलडाँगी शिविरमा बसेका उनीहरूलाई संयुक्त राष्ट्रसंघीय शरणार्थी उच्च आयोगले अमेरिका लगेको शिविर व्यवस्थापन समितिका सचिव संचहाङ सुब्बाले बताए।

अमेरिकाले १० जनालाई डिपोर्ट गरेको बुझ्नमा आएको बताउँदै सचिव सुब्बाले भने, 'अमेरिका र भुटान सरकारबीच समन्वयमा उनीहरू भुटान ओर्लिएका थिए।'

अमेरिकाबाट डिपोर्ट भएका उनीहरू भारतको दिल्ली हुँदै मार्च २७ तारिखमा थिम्पुको पारो विमानस्थल ओर्लिएका थिए। उनीहरूलाई भुटान प्रशासनले साढे ६ घण्टा दूरीको यात्रा गराएर भारत-भुटानको फुन्छ्योलिङ-जयगाउँ नाकामा ल्याएर छाडिदिएको थियो। त्यसपछि भारतीय सुरक्षाकर्मीले उनीहरूलाई पूर्वी नेपालको काँकडभिट्टा-पानीट्यांकी नाकामा ल्याएर छाडिदिए र उनीहरूमध्ये तीन जना नेपाल प्रवेश गरे। सात जना अझै सीमा क्षेत्रमै रहेको बुझिएको छ।

'अमेरिकाले आफ्नो नागरिक फिर्ता लैजाउ भनी भुटानसँग कुराकानी गरेर पठाएको रहेछ। भुटानको विमानस्थलमा ओर्लिएकाहरूको आफन्तजन कोही नभएपछि उनीहरू झापा आइपुगेका हुन सक्छन्', सचिव सुब्बाले भने। प्रहरीले नियन्त्रणमा लिएकामध्ये सुवेदीको बुबा शिविरमै रहेको उनको भनाइ छ। 'अमेरिकाले डिपोर्ट गरेर यसरी पठाउन थालेपछि यहाँको शिविरमा समस्या पक्कै आउँछ। संयुक्त राष्ट्रसंघीय शरणार्थी उच्च आयोग र नेपाल सरकारले प्रक्रिया पुर्‍याएर भुटानी शरणार्थीहरूलाई तेस्रो देशमा पुनर्स्थापना गरिसकेको अवस्था छ,' सचिव सुब्बाले भने, 'भुटानले हाम्रो नागरिक हो भनेर अमेरिकासँग कुराकानी गरेर फिर्ता बोलाउँछ, अनि भुटान आइपुगेपछि नेपालतर्फ खेदिदिन्छ भने यसले ठूलो समस्या निम्त्याउँछ।' यी समस्याका बारेमा तत्काल समाधान खोज्न नेपाल सरकारसँग उनले माग गरेका छन्।



यसअघि सन् १९९० मा भुटान सरकारले आफ्ना नागरिकलाई देश निकाला गर्दा भारतमा ल्याएर छोडेको थियो । भारतले नेपालतिर पठाइदिएको थियो। तिनीहरूलाई भारतको बाटो हुँदै पुन: भुटान फर्काउन खोज्दा भारत सरकारले अवरोध गरेको थियो।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प प्रशासनले आप्रवासीहरूमाथि कडा नीति ल्याएर लगातार विभिन्न देशका आप्रवासीहरूलाई डिपोर्ट गरिरहेको अवस्थामा भुटानी शरणार्थी समस्या फेरि आउन सक्ने आकलन गरिएको छ।

यसैबीच भुटानमा बसोबास गर्दै आएका ४ महिला र २ जना पुरुष गरी ६ जना पनि शनिबार नेपाल प्रवेश गरेका छन्। काँकडभिट्टा नाका हुँदै ६४ वर्षका नारद शर्मा, ६१ वर्षीया निरा तिमिल्सिना, २२ वर्षीय राजकुमार गुरुङ,४१ वर्षीया शान्तिमाया गुरुङ, ४५ वर्षीया चन्द्रमाया गुरुङ र ६४ वर्षीया सोममाया गुरुङ छन्। अध्यागमन कार्यालय काँकडभिट्टाले रुजु गरी ३० दिनको प्रवेशआज्ञा दिएपछि उनीहरू आफन्त भेटघाटको लागि दमक आएको प्रहरीले जनाएको छ। अमेरिकाले डिपोर्ट गरेका सात जना भारतमै रहेको बुझिएको छ।

» बाँकी पृष्ठ ६